


# तल्लो खारे खोला जलविद्युत खबर

पावरहाउस निर्माण

श्रावण २०७५, अंक २१

## आयोजनाको हालको निर्माण अवस्था

तल्लो खारे खोला जलविद्युत आयोजनाको हेडवर्क्स तर्फ निर्माण कार्य गर्ने क्रममा निर्माण कम्पनी Atlas Hydro Consortium (Joint Venture) ले बाँध, डिस्याण्डर वेसीन र फोरवेमा निर्माण कार्यहरु गरिरहेको छ । हालसम्म हेडवर्क्सको निर्माण गर्ने क्रममा २,५७५ घनमिटर स्टोन मेसिनरी वाल लगाइ सकिएको छ भने २,४५० घनमिटर ढलान भइसकेको छ । साथै कुल २,३८,८८० के.जी डण्डी बाध्ने कार्य सम्पन्न भइसकेको छ ।

यसै गरी gravel trap र connecting canal बनाउन आवश्यक excavation गर्ने तयारी भइरहेको छ । हेडवर्क्स तर्फको हाइड्रोमेकानिकल निर्माण कम्पनी क्रिम हाइडेल प्राइभेट लिमिटेडले हेडवर्क्समा आवश्यक गेट तथा स्टपलगको embedded parts र फ्रेमहरु साइटमा ढुवानी गरि embedded parts र फ्रेमहरुलाई ढलानमा राखेर ढलान गर्ने कार्य भइरहेको छ।



Desander निर्माण कार्य तीव्र




हालसम्म Under sluice, Flushing gates, Trash rack को Embedded parts र Frameहरु राखी ढलान भइसकेको छ। त्यसै गरी gates तथा stoplogs को leaf पनि साइट सम्म ढुवानी भइसकेको छ । नर्थ हाइड्रो एण्ड इन्जिनियरिङ्ग प्रा. लि. द्वारा आयोजना स्थलमा पेनस्टकपाइपको fabrication तथा erection गर्ने कार्य भइरहेको छ ।

कुल १,३८७ वटा स्टील पाताहरु मध्ये १,०८४ वटा स्टील पाता काट्ने कार्य सकिएको छ । त्यस्तै, काटिएको स्टील पाता मध्ये ९४२ वटालाई रोल गरी longitudinal welding गरिएको छ । उक्त निर्माण कम्पनीले कुल २३५५ मिटर पाइप तयार गरिसकेको छ। यसरी तयार गरिएको पाइप मध्ये १,७६७ मिटर पाइप विच्छ्याउने स्थलमा लगि रङ्ग लगाउने र पहिलो चरणको परिक्षण भइरहेको छ । साथै, रङ्ग लगाई पहिलो चरणको सफल परिक्षण भएका पाइपहरु erection गरिदैं छ।

हालसम्म १,०५९ मिटर पाइप erection भई fullwelding/testing भइसकेको छ । साथै उक्त निर्माण कम्पनीले expansion joint पनि साइटमा पुऱ्याईसकेको छ भने bifurcation को Design सम्पन्न गरी स्वीकृतिका लागि पेश गरेको छ। पावरहाउसको निर्माण कार्य अगाडी बढाउने क्रममा निर्माण कम्पनी माउन्टेन इन्फ्रा कम्पनी प्रा.लि.ले पावरहाउसको foundation को लागि आवश्यक excavation सम्पन्न गरि machine foundation को ढलान गरिरहेको छ।

हालसम्म machine foundation को ८५० घनमिटर ढलान भइसकेको छ। यसै गरी पावरहाउसको टेलरेस गेटको पनि embedded parts राखी ढलान गर्ने कार्य सम्पन्न भइसकेको छ । पाइपलाइनको सिभिल निर्माण कार्य को लागि मस्डीङ्ग देवि/राप्ती हाईड्रो जे. भि. ले आयोजना स्थलमा १,३०० मिटर पेनस्टक पाइप राख्ने ट्रेन्च excavation गरी पाइप राख्ने कार्य गरिरहेको छ ।


Forebay निर्माण कार्य हुदैं

उक्त निर्माण कम्पनीले erection सम्पन्न भइसकेको penstock pipe को backfilling गर्ने र पाइपको सुरक्षाको लागि ग्याबियन वाल लगाउने कार्य गरिरहेको छ। उक्त निर्माण कम्पनीले सुरी खोलामा साइफनको निर्माण कार्य समपन्न गरि सकेको छ । निर्माण कम्पनीले हाल सम्म १० वटा anchor block को ढलान गरिसकेको छ भने थप २ वटा anchor block को ढलान गर्ने तयारी गरिरहेको छ । पेनस्टक पाइपको सुरक्षाको लागि २,७५० घनमिटरको ग्याबियन वाल पनि लगाइएको छ भने १२,००० घनमिटर backfilling गर्ने कार्य भइसकेको छ ।

यस जलविद्युत आयोजनाबाट उत्पादन हुने विद्युत १३२ के. भी. प्रसारण लाइन मार्फत राष्ट्रिय प्रसारण लाइनमा जोडिने छ । उक्त प्रसारण लाइनको लागि आवश्यक निजी जग्गा खरिद गर्ने कार्य सम्पन्न भइसकेको छ भने सार्वजनिक जग्गा नेपाल सरकार बाट बहालमा लिनको लागि आवश्यक कारवाही अगाडि बढाइएको छ । साथै उक्त १३२ के.भी. प्रसारण लाइनको निर्माण कम्पनी मुढवरी एण्ड जोशी कन्स्ट्रक्सन प्रा.लि द्वारा check survey र soil test गर्ने कार्य सम्पन्न भएको छ।


Desander Basin निर्माण कार्य हुदैं




सम्पादक:पार्वती पराजुली

युनिभर्सल पावर कम्पनी लिमिटेड

त्रिपुरेश्वर ,काठमाडौं

फोननं: ९७७-१-४१०१०९७, ४२५१४६३,

ईमेल :info@universalpowercompany.com.np

वेबसाइट :www.universalpowercompany.com.np